छोराछोरीलाई काठमाडौं विश्वविद्यालयअन्तर्गत शिक्षा दिएर आफ्नै जन्मभूमि धुलिखेल फर्कने निधो गरिसकेका थियौं। अब कमला नहुँदाको यो योजना चकनाचुर भयो।

समाचार संक्षेप

## बालबालिकाको विषयमा राज्य संवेदनशील : मन्त्री थापा

काठमाडौं, (नेस)

महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाले बालबालिका राष्ट्रका कर्णधार भएकाले बालबालिकाको विषयमा राज्य अत्यन्तै संवेदनशील रहेको बताएकी छन्।

सो कुरा ७ वटै प्रदेशबाट राजधानीमा भेला भएका बालबालिकाको राष्ट्रिय सम्मेलनमा बताएकी हुन्। बालबालिकाको क्षेत्रमा कार्यरत झन्डै ५ दर्जन संस्था संलग्न रहेको नेटवर्क कनसोटियमद्वारा आयोजित कार्यक्रममा अधिकारकर्मीले बालबालिकको समस्यालाई राज्यले बेवास्ता गरेको भन्दै गुनासो गरेका थिए।

७ वटै प्रदेशबाट करिब ३० जना बालबालिका सहभागी रहेको सो भेलामा राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य मोहना अन्सारीले बालअधिकारको संरक्षण र सम्वर्द्धनमा राज्य चनाखो हुनुपर्नेमा जोड दिइन्। उनले बालबालिकामाथि मानवअधिकार उल्लंघनका घटना भइरहेको भन्दै त्यसप्रति सरकारले विषेश ध्यान दिनुपर्ने धारण राखेकी हुन्।

कनसोटियमका अध्यक्ष सन्तराम डगोलको अध्यक्षतामा भएको सो कार्यक्रममा अधिकारकर्मी कृष्णचन्द्र आर्चाय, गुणकेशरी श्रेष्ठलगायतले बालबालिकाको विषयमा आ-आफ्ना धारणा राखेका थिए।

## प्रेस काउन्सिलका पदाधिकारीविरुद्ध धम्की दिने पक्राउ

काठमाडौं, (नेस)

सामाजिक सञ्जालको दुरूपयोग गरी प्रेस काउन्सिल नेपालका पदाधिकारीलाई अमर्यादित शब्द प्रयोग गरी धम्की दिने कार्यमा संलग्न ललितपुर बागडोल बस्ने विनोद गौतम र नवलपरासी सुनवल नगरपालिका-४ का विष्णु ढकाललाई मंगलबार प्रहरीले पक्राउ गरेको छ।

न्युज २४ टेलिभिजनमार्फत् प्रसारित 'सिधा कुरा जनतासँग' माथि परेको उजुरी छानबिनका घटनालाई आधार बनाई सामाजिक सञ्जालमा आपत्तिजनक, अमर्यादित शब्द प्रयोग गरी पोस्ट र कमेन्ट गरी प्रेस काउन्सिल तथा पदाधिकारीलाई ज्यान मार्नेसमेतका धम्की दिई त्यस्ता सामग्रीको पोस्ट गर्ने कार्यमा संलग्न व्यक्तिको खोजी गर्ने क्रममा विनोदलाई काठमाडौं टेकुबाट र विष्णुलाई नवलपरासीको सुनवलबाट महानगरीय प्रहरी अपराध महाशाखाको प्रहरीले पक्राउ गरेको हो।

उनीहरूलाई विद्युतीय कारबार ऐनअन्तर्गत अनुसन्धान कारबाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको सो महाशाखाले जनाएको छ।

## हुन्डीको कारोबार गर्ने पक्राउ

काठमाडौं, (नेस)

नयाँबजारस्थित पुलबाट तारकेश्वर नगरपालिका-२ घर हुने बालकृष्ण भण्डारीलाई स्रोत नखुलेको हुन्डी कारोबारको २० लाख रूपियाँ नगद र मोबाइल १ थानसहित बुधबार प्रहरीले पक्राउ गरेको छ।

हुन्डी कारोबारको रकम लिई १ जना व्यक्ति आउँदै गरेको भन्ने विशेष सूचनाका आधारमा महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको विशेष टोलीले जाँच गर्दै जाँदा झोलाभित्र लुकाई छिपाई राखेको उक्त नगदसहित फेला परेपछि भण्डारीलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

# कल्कोसकोपको सहयोगले सयौं कमला पाठेघरको क्यान्सरबाट बँचून

भगवती तिमल्सिना, काभ्रे



अमेरिकाको ड्यालसमा स्थापना भएको कमला शाक्य फाउन्डेसनले काठमाडौं विश्वविद्यालय धुलिखेल अस्पताललाई पाठेघरको मुखको क्यान्सर पहिचान गर्नका लागि नभई नहुने यन्त्र 'कल्कोसकोप' एक कार्यक्रमका बीच हस्तान्तरण गरेको छ। उपकरणको कमलाका ससुरा पुष्पराज शाक्य र छोराछोरीले उद्घाटन गर्नुभएको थियो भने श्रीमान स्वयम्भुले हस्तान्तरण गर्नुभएको थियो।

कमला शाक्य र स्वयम्भुराज शाक्य झन्डै २२ वर्षअघि उच्च शिक्षा हासिल गर्नुका साथै सिप सिकी आफ्नै जन्मभूमि नेपाल फर्किएर चिकित्सा सेवा र विज्ञान प्रविधिको उपयोगी सेवा प्रदान गर्ने अठोट लिएर सुविधा सम्पन्न मुलुक अमेरिका पुगेका थिए।

'उनको इच्छा र चाहना नेपालमै आएर गरिब दु:खीलाई स्वास्थ्य सेवा प्रदान गर्ने थियो। म पनि कम्प्युटर साइन्स पढेर काम गर्दै आएकाले नेपालमा आई सेवा गर्ने तीव्र चाहना बोकेर योजना बानाएका थियौं', श्रीमान स्वयम्भुले भन्नुभयो- छोराछोरीलाई काठमाडौं विश्वविद्यालयअन्तर्गत शिक्षा दिएर आफ्नै जन्मभूमि धुलिखेल फर्कने निधो गरिसकेका थियौं। अब कमला नहुँदाको यो योजना चकनाचुर भयो।'

'आफू सानै हुँदा धुलिखेल अस्पतालका संस्थापक तथा काठमाडौं विश्वविद्यालयका उपकुलपति प्राडा रामकण्ठ माकजु विदेशबाट नेपालमै सेवा गर्ने अठोटका साथ घर फर्कंदा उहाँको कपडा पसलमा धेरै मानिसको भीड लागेको थियो। के को भीड भनेर हेर्दा डा. माकाजुलाई देखे र सानै उमेरमै विदेश गएर फर्किएपछि सम्मान पाइने रहेछ भन्ने पर्न थाल्यो। त्यतिबेलादेखि नै विदेश जाने तीव्र चाहनाअनुरूप उच्च शिक्षाका लागि अमेरिका पुगें। उच्च शिक्षा, व्यवहारिक पक्षलाई सम्हाल्दै यसै वर्षदेखि नेपाल फर्किएर जन्मभूमिको सेवा गर्ने योजना बनाएका थियौं। तर आज कमला साथमा छैनिन् र उनीबिना यो योजना पूरा गर्ने सम्भावना देख्दिन' -स्वयम्भु भन्नुहुन्छ।

अमेरिकाको टेक्सास राज्यको मेडिकल सिटी ड्यालसमा एक वर्षदेखि कमलाको क्यान्सरको उपचार भइरहेको थियो। उनी आफै नर्स भएका कारण उपचारमा कुनै समस्या थिएन। उनलाई उपचारपछि नेपाल आएर क्यान्सरका बिरामीलाई जनचेतना जगाउने र सहयोग गर्ने ठूलो धोको थियो। तर उनी निको भएर नेपाल सँगै आउँने चाहना पूरा हुन सकेन। पहिलोपटक १ महिना रेडियसन सेवा दिइयो। दोस्रो चरणमा पेट स्क्यान गरेर हेर्दा उनको क्यान्सरको ट्यूमर बढेको पाइयो। त्यसपछि सन् २०१७ नोभेम्बरमा किमो थेरापी शुरू गरिएको थियो। त्यसले पनि उनलाई झन गाह्रो भयो र औषधिले पनि काम गरेन। त्यतिकैमा उनको शरीरमा रोगसँग लड्ने क्षमताको कमी हुँदै गयो र मुटुदेखि पाठेघरसम्म जोडिएको नसा नै छिनेर रक्तश्राव भएको भयै भयो। चिकित्सकले बाध्य भएर शल्यक्रिया अपनाए। रक्तश्राव त रोकियो तर किमो चलाउन मिलेन र उनको शरीरमा क्यान्सरको सेलले जरा गाड्यो उनलाई लामो समय बचाउन सकिन्न भनेर उपचारमा सम्लग्न चिकित्सकले भनिरहँदा पनि ममा आशा मरेको थिएन।

कमलाले अस्पतालको बेडमा दिक्क मान्दा पनि अब तिमीलाई निको भएपछि नेपाल गएर गाउँ-गाउँमा जनचेतना जगाउने काममा लाग्नुपर्छ भन्दै सम्झाउँथे र उनमा आशा जगाउने काम गर्थे। नेपाल आउने र सेवा गर्ने कुरामा उनी अत्यन्तै खुसी हुन्थिन्।

कमलाको चाहनाकै लागि आज म बच्चालाई समेत लिएर नेपाल आएको छु र सयौं कमलालाई समयमै पाठेघरको मुखको क्यान्सर पहिचान गरी बचाउन मद्दत मिलोस् भनेर कल्कोसकोप नामक पाठेघरको मुखको क्यान्सर पत्ता लगाउने मेसिन ल्याएर धुलिखेल अस्पताललाई हस्तान्तरण गरको छु। आगामी दिनमा पनि अमेरिकामै स्थापना गरेको कमला फाउन्डेसनबाट नेपालमा रहेका क्यान्सरका बिरामीका लागि सहयोग गर्दै जाने योजना बनाएका छौं।

काठमाडौं विश्वविद्यालय मेडिकल साइन्सका डिन प्राडा राजेन्द्र कोजुले स्वयम्भूले श्रीमतीको चाहना पूरा गर्न फाउन्डेशन खोलेर त्यसैमार्फत गरेको सहयोगको सहीरूपमा सदुपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। फाउन्डेशनका अध्यक्ष सुरज पौडेलले कमलाको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभएको थियो।

# सिंगो गाउँ नै शोकमा डुब्यो



पर्वत, (नेस)

दुर्घटनामा पर्वतका एकै परिवारका बाबुछोरीको मृत्यु र आमा गम्भीर अवस्थामा अस्पतालमा रहेपछि सिंगो गाउँ नै शोकमा डुबेको छ।

छिमेकी तनहुँको आँबुखैरेनी गाउँपालिका-१ बरादीमा मंगलबार भएको सडक दुर्घटनामा मृतक कुश्मा नगरपालिका-९ कटुवाचौपारीका कमल लामिछानेका छिमेकी रामकृष्ण लामिछानेका अनुसार कमलका दाजु रोजगारीको सिलसिलामा कोरियामा रहनुभएको छ भने भाउजू छोरीका साथ सदरमुकाम कुश्मा बस्दै आउनुभएको छ। कटुवाचौपारीको घरमा कमल र ५५ वर्षीया विधवा आमामात्रै रहँदै आउनुभएको थियो।

मंगलबार आँबुखैरेनीबाट डुम्रेका लागि छुटेको ग१ख ३०७३ नम्बरको बसले बा१७च १८१४ नम्बरको भ्यान र ग५प १९४४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा ४ जनाको मृत्यु भएको थियो। दुर्घटनामा मृत्यु भएकामध्ये २ जना पर्वतको कुश्मा नगरपालिका-९ कटुवाचौपारीका २५ वर्षीय कमल लामिछाने र उनकी ३ वर्षीया छोरी ममता लामिछानेको उपचारको क्रममा गण्डकी मेडिकल कलेज पोखरामा मृत्यु भएको हो।

दुर्घटनामा गम्भीर घाइते भएकी कमलकी श्रीमती २० वर्षीया पार्वतीको पनि गण्डकी मेडिकल कलेजमा नै उपचार भइरहेको छ। दुर्घटनाका अन्य घाइतेमा चितवन भरतपुर-६ की २० वर्षीया सरु पाठक, पर्वतको कुश्मा नगरपालिका-१३ खौलाका २४ वर्षीय गुरुदत्त तिवारी, वडा नं २ खुरकोटकी ३९ वर्षीया सीतादेवी चालिसे र नवलपरासी सुस्ताका ३५ वर्षीय आनन्द तिवारी छन्। उनीहरू पनि मृतकका आफन्त नै हुन्। कुश्माबाट काठमाडौं जाने क्रममा मृतक लामिछाने र आफन्त एउटा निजी प्रकाशन गृहको भ्यानमा त्यसतर्फ जाँदै थिए। काठमाडौंको निजी पब्लिकेसनमा काम गर्दै आएका मृतक लामिछानेकी श्रीमती पार्वती र छोरी भने मनकामना मन्दिरमा पूजा गर्न हिँडेको आफन्तले बताएका छन्।

यसै गरी दुर्घटनामा मृत्यु हुने अन्य २ जना तनहुँकै आँबुखैरेनी-४ का २६ वर्षीय डिलबहादुर थापा र २८ वर्षीय नुनबहादुर खवास रहेका छन्।

### प्रदेश...

हाल ७ वटै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आन्तरिक मामिला तथा भौतिक पूर्वाधार मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भूमी व्यवस्था मन्त्रालय, आन्तरिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास कोषलगायत मन्त्रालय रहेका छन्। अहिले कायम हुन लागेको निर्देशनालय तिनै मन्त्रालयअन्तर्गत रहने प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

प्रदेशसभा सदस्य र सरकारले केन्द्र सरकारअन्तर्गत रहेको विभागस्तरीय कार्यालय प्रदेशअन्तर्गत रहने लबिङ गर्दै आएकामा केन्द्र सरकारले विभागहरू संघको मन्त्रालयअन्तर्गत रहने निर्णय गरेको थियो। प्रदेशलाई चलायमान बनाउन, संविधानले दिएको अधिकारको सही प्रयोगका लागि विभागस्तरीय कार्यालय रहनुपर्ने ३ नम्बर प्रदेशका मन्त्री कैलाश ढुंगेलले बताउनुभयो।

हाल जिल्लास्तरका विषयगत कार्यालय स्थानीयस्तरमा गाभिएपछि प्रशासनिक एकाइमा केन्द्रका मन्त्रालय, विभाग र प्रदेशका मन्त्रालय, निर्देशनालय र स्थानीय तह जिल्लामा शान्ति सुरक्षा, अदालत, मालपोतलगायत विषयगत कार्यालय रहेका छन्।

### नेपालगन्जमा...

नेपालगन्जको बसाइ कति दिन हुन सक्छ भन्ने विषयमा यकिन नभए पनि पूर्वराजाले नेपालगन्जमा राजावादी र राप्रपाका महत्त्वपूर्ण नेतासँग भेट गर्ने सम्भावना रहेको स्रोतले जनाएको छ।

दोस्रो तहको नेतालाई झापाको टि स्टेटमा भेटेपछि तिनै नेताको दबाबमा सबै राप्रपा एक हुने अन्तिम तयारी गर्नु र पूर्वराजाले आफ्नो जन्मदिन नेपालगन्जमै बनाउन लाग्नुलाई महत्त्वपूर्ण संयोगका रूपमा लिइएको छ।

पूर्वराजाको जन्मोत्सवमा शुभकामाना दिन तीनैवटा राप्रपाका नेता नेपालगन्ज जाने तयारी गरेका छन्। १ दशक लामो इतिहासमा पूर्वराजाले आफ्नो मुद्दा बोकेका तर ३ टुक्रा भएर फुटेका राप्रपाका दोस्रो तहका नेतासँग भेटेर मुलुकमा राजनीतिक सक्रियता आवश्यक भयो भन्दै बैठक गर्न थाल्नुभएको थियो।

गोप्यरूपमा विभिन्न पार्टीसँग आन्तरिक छलफल गर्न थाल्नुभएका पूर्वराजाले आफ्नो जन्मदिनमा सबै राप्रपालाई मिलेर अघि बढ्न सन्देश दिने सम्भावना रहेको स्रोतको भनाइ छ।

पूर्वराजाको जन्मोत्सव मनाउन मध्य र सुदूरपश्चिमका राजावादीले तयारी थालेका छन्। पूर्वाञ्चल भ्रमण गर्दा होस्, चाहे पश्चिमाञ्चल, मध्यपश्चिम वा सुदूरपश्चिम, तराई भ्रमणको क्रममा आफूसँग भेट्न आउने अधिकांशलाई अब चुप लागेर बस्न नहुने र हिन्दू राज्यका लागि सक्रिय रहन आग्रह गर्दै आउनुभएका पूर्वराजाले नेपालभरका राजावादीलाई भेला गराएर आफ्नो जन्मदिन मनाउन लाग्नुभएको हो।

## विद्यार्थीका लागि मिनी स्टुडेन्ट वाकिङ ब्रिज

विराटनगर, (नेस)

मोरङको धनपालथान गाउँपालिका-४ स्थित शारदा माविका छात्रछात्राले अब खोलामा बाढी आउँदा जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता हट्ने भएको छ।

खोलामा मिनी स्टुडेन्ट वाकिङ ब्रिज निर्माणाधीन अवस्थामा छ। विद्यालयको छेउ भएर बग्ने गदिया खोलामा पुल नहुँदा विगत ५ वर्षदेखि विद्यालयमा अध्यनरत छात्रछात्रा बाढीमा जोखिमपूर्ण यात्रा गर्न बाध्य थिए। धनपालथान गाउँपालिकाले गदियाखोलामा मिनी स्टुडेन्ट वाकिङ ब्रिज निर्माणलाई तीव्रता दिएसँगै वर्षौंदेखिको छात्रछात्राले भोग्दै आएको समस्या हट्ने भएको छ।

विपद् व्यवस्थापनअन्तर्गत जोखिम न्यूनीकरणका लागि गाउँपालिका र विद्यालयको सहयोगमा पुल निर्माण हुन लागेको हो। ३ लाख रूपियाँको लागतमा निर्माण हुन लागेको वाकिङ ब्रिज असार मसान्तसम्ममा सम्पन्न गर्ने गरी काम भइरहेको गाउँपालिकाका अध्यक्ष हरिलाल सिंहले बताउनुभयो। पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। अहिले बाँसको पुलमा विद्यार्थी आवतजावत गर्ने गर्दछन्।

बाढी आउँदा बाँसको पुल बगाउँदा समस्या हुने गरेको थियो। खोलामा पुल नहुँदा गाउँपालिकाका ५ र ६ नम्बर वडाका २ सय ५० भन्दा बढी विद्यार्थी जोखिम मोलेर विद्यालय जान बाध्य थिए। कर्सिया बजारस्थित विद्यालयका विद्यार्थीले वर्षौंदेखि भोग्दै आएको समस्या पुल निर्माण सम्पन्न भएसँगै आवतजावतमा सहज हुने गाउँपालिका अध्यक्ष सिंहको भनाइ छ। खोलामा बाढी आउँदा विद्यार्थीले ५ किलोमिटर घुमेर विद्यालय आउनुपर्ने बाध्यता रहेको विद्यालयका प्रधानाध्यापक रवि राजवंशीले बताउनुभयो। उहाँले असार २५ गतेसम्म सक्ने गरी काम भइरहेको जानकारी दिनुभयो।

## पत्रकारका लागि छात्रवृत्ति प्रदान गरिने

काठमाडौं, (नेस)

नेपाल भारत सीमा वारपार हुने मानव बेचविखनका विषयमा पत्रकारलाई 'द इम्पल्स' नामक एक एनजीओ नेटवर्क भारतले २ किसिमको छात्रवृत्ति प्रदान गर्ने भएको छ। मंगलबार राजधानीमा पत्रकार सम्मेलन गर्दै उक्त एन्जीओकी संस्थापक एवं अध्यक्ष हसिना खार्बीले मुलुकभित्र र छिमेकी राष्ट्रको सीमामा अवैधरुपमा हुने गरेको मानव बेचविखनसम्बन्धी रिपोटिङका लागि रुचि भएका पत्रकारलाई छात्रवृत्तिका लागि आवेदन दिन आह्वान गरेकी छन्।

मानव बेचविखनको रोकथामका लागि पीडितको आवाज उजागर गर्न, समाजमा जनचेतना जगाउन, पीडितलाई उचित न्याय दिलाउनुका साथै समाजिक समस्याको अनुसन्धान र वकालत गर्न पत्रकारिता क्षेत्रमा डिजिटल पत्रकारिता सिपलाई वढवा दिने उद्देश्यले यो अभियान शुरू गरिएको उनले बताइन्।

साथसाथै मध्यम अनुभव भएका पत्रकारका लागि ४ हप्ते र भर्खरै मात्र पत्रकारिता क्षेत्रमा लागेका पत्रकारका लागि १ वर्षे गरी २ किसिमको छात्रवृत्ति प्रदान गर्ने एनजीओले घोषणा गरेको हो। यो छात्रवृत्ति नेपाल, बंगलादेश, म्यानमार र भारतका पत्रकारका लागि मात्र प्रदान गरिने बताइएको छ।

# नारायणगढ-मुग्लिन सडकको अवस्था अब एसएमएसबाट

नेपाल समाचारपत्र

हेटौंडा

दैनिक सयौं गाडी गुड्ने नारायणगढ-मुग्लिन सडकखण्डमा पछिल्लो अवस्था अब मोबाइल एसएमएसबाट प्राप्त गर्न सकिने भएको छ।

पछिल्लो समय निरन्तर पहिरो खस्नाले सडक अवरुद्ध हुँदै आएको तथ्यलाई मनन गरेर यात्रा गर्दै गरेका यात्रुलाई समस्या नहोस् भनी यस्तो व्यवस्था मिलाइएको हो। मुग्लिनको बाटो खुले नखुलेबारे अनविज्ञ रहेका यात्रु एवं सर्वसाधारणलाई मध्यनजर गर्दै मोबाइल एसएमएस सेवा ल्याइएको हो।

मुग्लिनको बाटो खुले नखुलेको जानकारी लिन सेवाग्राहीले मोबाइलको म्यासेज बक्समा गएर एनएमटी टाइप गरी ३४८४८ मा म्यासेज पठाएर तुरुन्त जानकारी प्राप्त गर्न सकिने जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

नारायणगढ-मुग्लिन सडकबाट दिनमा सयौं सवारीसाधन गुड्ने गर्दछन्। ३६ किलोमिटर लामो उक्त सडकखण्डले तराईको पूर्व-पश्चिम र पहाडको पृथ्वी राजमार्गलाई जोड्दछ। तर थालिएको सडकको स्तरोन्नति काम अझै सकिएको छैन।

नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत मुग्लिनदेखि जलवीरेको पहाडी खण्डमा जाने पहिरोले सवारी आवागमनमा असर पार्ने गरेको छ। वर्षायाममा पहिरोका कारण यात्रुले निकै सास्ती भोगिसकेका छन्। सो अवस्थामा तत्काल सुधार हुने सम्भावना नदेखिएकाले एसएमएस सुविधा ल्याइएको आँकलन गरिएको छ।

नारायणगढ-मुग्लिन सडक २०३६ सालमा चिनियाँ सहयोगमा निर्माण भएको गोरखा-नारायणगढ सडकको एक खण्ड हो। उक्त सडक सुधार आयोजनामा करिब ३ अर्ब खर्च हुँदैछ। आयोजनाको लक्ष्य नारायणगढ-मुग्लिन सडकको ३३ किलोमिटर खण्ड स्तरोन्नति गरी एसियाली मापदण्डको बनाउनु भनिएको छ।

## प्रहरीको महिला सेलमा पत्नी पीडितका २ उजुरी

पर्वत, (नेस)

जिल्ला प्रहरी कार्यालय पर्वतमा रहेको महिला तथा बालबालिका सेवा केन्द्र (महिला सेल) मा २ जना पुरुषले श्रीमतीबाट पीडित भएको भन्दै न्यायका लागि उजुरी दिएका छन्।

प्रहरीमा महिला तथा बालबालिकासम्बन्धी घटना हेर्ने गरी खडा गरिएको केन्द्रमा जलजला गाउँपालिका-२ धाइरिङका १ व्यक्ति र कुश्मा नगरपालिका-१ पाँङका १ व्यक्तिले श्रीमतीबाट पीडित भएको भन्दै उजुरी दिएका हुन्।

उनीहरू दुवै जनाले श्रीमतीले छोराछोरी पालन पोषणमा ध्यान नदिएको र घरभन्दा बाहिर बढी समय दिने गरेको भन्दै न्यायका लागि उजुरी दिएको प्रहरीले जनाएको छ। उक्त उजुरीउपर जिल्ला प्रहरी कार्यालय पर्वतले पाँङका पीडित पुरुषका श्रीमान् श्रीमती दुवैलाई कार्यालयमा बोलाएर मिलापत्र गराएको छ भने जलजलाका पत्नी पीडित व्यक्तिको मुद्धा अझै कानुनी प्रक्रियामा रहेको छ।

यस्तै सेवा केन्द्रमा आर्थिक वर्ष २०७४/७५ मा जेठ महिनासम्म ५९ वटा घरेलु हिंसासम्बद्ध उजुरी दर्ता भएका छन्।

मुद्दा नं. ०७३-CP-१४९८, फाँट नं. ४
सुनसरी जिल्ला अदालत बाट जारी भएको भक्तबहादुर कामीको छोरी जिल्ला भोजपुर भोजपुर न.पा. वाडा नं. ८ अं बर्ष ३२ की सानु विश्वकर्माको नामको ३० दिने इतलायनामा म्याद सूचना।
उप्रन्त वादी जिल्ला मोरङ्ग विराटनगर म.न.पा.वडा नं. १ बस्ने टेकबहादुर बानियाँ र प्रतिवादी जिल्ला सुनसरी इटहरी उ.म.नं.पा. वडा नं. २४ बस्ने इन्द्रबहादुर बानियाँ क्षेत्री समेत भएको लिखत बदर दर्ता बदर दर्ता कायम मुद्दा यस अदालतमा दायर गर्नु भई तपाईका नाउँमा इतलायनामा म्याद जारी गरी पठाउँदा लेखिएको वतनमा फेला नपरेको भनी वेपत्ते वेहोरा बाट तामेल भई आएकोले यस अदालतको मिति २०७५/०२/२२ का आदेशानुसार जिल्ला अदालत नियमावली २०५२ को नियम २२क को देहाय (१) को (ख) बमोजिम यो इतलायनामा म्याद प्रकाशित गरिएको छ।यो इतलायनामा म्याद प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र स-प्रमाण आफै वा कानुन बमोजिमको वारेस मार्फत प्रतिउत्तरपत्र लिई यस अदालतमा पेश गर्नुहोला अन्यथा म्याद भित्र प्रतिउत्तरपत्र लिई आफु पनि आउनु भएन, वारेस पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ। पछि तपाईको कुनै उजूरी लाग्ने छैन। सम्वत् २०७५ साल जेष्ठ २५ गते रोज ६ शुभम्..................।

मुद्दा नं. ०७३-CP-१५०१, फाँट नं. ४
सुनसरी जिल्ला अदालत बाट जारी भएको श्रीमनी विश्वकर्माको छोरा जिल्ला भोजपुर भोजपुर न.पा. वाडा नं. ८ अं बर्ष २१ को दानबहादुर विश्वकर्माको नामको ३० दिने इतलायनामा म्याद सूचना।
उप्रन्त वादी जिल्ला मोरङ्ग विराटनगर म.न.पा. वडा नं. १ बस्ने टेकबहादुर बानियाँ र प्रतिवादी जिल्ला सुनसरी इटहरी उ.म.नं.पा. वडा नं. २४ बस्ने इन्द्रबहादुर बानियाँ क्षेत्री समेत भएको लिखत बदर दर्ता बदर दर्ताकायम मुद्दा यस अदालतमा दायर गर्नु भई तपाईका नाउँमा इतलायनामा म्याद जारी गरी पठाउँदा लेखिएको वतनमा फेला नपरेको भनी वेपत्ते वेहोरा बाट तामेल भई आएकोले यस अदालतको मिति २०७५/०२/२२ का आदेशानुसार जिल्ला अदालत नियमावली २०५२ को नियम २२ क को देहाय (१) को (ख) बमोजिम यो इतलायनामा म्याद प्रकाशित गरिएको छ। यो इतलायनामा म्याद प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र सप्रमाण आफै वा कानुन बमोजिमको वारेस मार्फत प्रतिउत्तरपत्र लिईयस अदालतमा पेश गर्नु होला अन्यथा म्याद भित्र प्रतिउत्तरपत्र लिई आफु पनि आउनु भएन, वारेस पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ। पछि तपाईको कुनै उजूरी लाग्ने छैन। सम्वत् २०७५ साल जेष्ठ २५ गते रोज ६ शुभम्..................।